# प्रतिनिधि सभा सदस्य निर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन) कार्यविधि, २०८२

निर्वाचन आयोगबाट स्वीकृत मिति

२०८२/०९/०१

**प्रस्तावना :** प्रतिनिधि सभा सदस्यको निर्वाचनमा हुने खर्चको सञ्चालन एवं व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, निर्वाचन आयोग ऐन, २०७३ को दफा २८ को प्रयोजनको लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले नेपाल सरकार, अर्थ मन्त्रालयको सहमतिमा यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "प्रतिनिधि सभा सदस्य निर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन) कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ। यो कार्यविधि सम्बत् २०८२ साल फाल्गुण महिनाको २१ गते बिहीबारका दिन हुने प्रतिनिधि सभा सदस्यको आमनिर्वाचनको प्रयोजनको लागि लागू हुनेछ। प्रदेश सभाको सदस्यको निर्वाचन वा उपनिर्वाचनमा समेत यो कार्यविधि लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयुक्त" भन्नाले आयोगको निर्वाचन आयुक्त सम्झनु पर्छ र सो शब्दले प्रमुख निर्वाचन आयुक्तलाई समेत जनाउँछ।

(ख) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले आयोग, निर्वाचन कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय तथा आमनिर्वाचन प्रयोजनार्थ आयोगद्वारा बजेट खर्च गर्न अख्तियारी दिइने अन्य सरकारी कार्यालयलाई सम्झनु पर्छ।

(घ) "कोष तथा लेखा नियन्त्रक कार्यालय" भन्नाले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा (२) को खण्ड (ञ) अनुसार महालेखा नियन्त्रक कार्यालय मातहत रहेको र आयोगले कार्यविधिको दफा (६) को उपदफा (१) को खण्ड (ङ) बमोजिम निर्वाचन आचारसँहिताको अनुगमन, प्रचारप्रसार निषेध अवधिको सुक्ष्म निगरानी गर्ने

र खर्च विवरण सङ्कलनमा सहजीकरण गर्ने कार्य-जिम्मेवारी तोकेको कार्यालय सम्झनु पर्छ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले आयोगबाट तोकिए बमोजिम सम्झनु पर्छ।।

(च) "निर्वाचन" भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ बमोजिम हुने प्रतिनिधि सभा सदस्यको निर्वाचन सम्झनु पर्छ।सो शब्दले उपनिर्वाचन समेतलाई जनाउनेछ।

(छ) "निर्वाचन अधिकारी" भन्नाले प्रदेश निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालयको प्रमुख सम्झनु पर्छ।

(ज) "निर्वाचन अधिकृत" भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८ बमोजिम नियुक्त भएको मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत सम्झनु पर्छ।

(झ) "निर्वाचन कार्यालय" भन्नाले प्रदेश निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालय सम्झनु पर्छ।

(ञ) "निर्वाचन क्षेत्र" भन्नाले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि संघीय कानून बमोजिम निर्वाचन क्षेत्र निर्धारण आयोगले निर्धारण गरेको निर्वाचन क्षेत्र सम्झनु पर्छ।

(ट) "मतगणना" भन्नाले मतपत्रमा मतदाताले संकेत गरेको मतको गणना गर्ने कार्य सम्झनु पर्छ।

(ठ) "मतदान अधिकृत" भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ११ बमोजिम नियुक्त भएको मतदान अधिकृत सम्झनु पर्छ।

(ड) "मतदान केन्द्र" भन्नाले निर्वाचनमा मतदान गर्ने प्रयोजनको लागि आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३४ बमोजिम तोकेको मतदान केन्द्र सम्झनु पर्छ र सो शब्दले मतदान उपकेन्द्रलाई समेत जनाउँछ।

(ढ) "मतपत्र" भन्नाले निर्वाचनमा मतदान गर्नको लागि व्यवस्था गरिएको मतपत्र सम्झनु पर्छ र सो शब्दले विद्युतीय उपकरणबाट मतदान हुने व्यवस्था भएकोमा त्यस्तो विद्युतीय उपकरणमा प्रयोग हुने मतपत्र वा त्यस्तो उपकरणमा जडित डिजिटल मतपत्रलाई समेत जनाउँछ।

(ण) “मतपेटिका” भन्नाले मतदाताले मत संकेत गरेको मतपत्र राख्नको लागि आयोगले व्यवस्था गरेको मतपेटिका सम्झनु पर्छ र सो शब्दले विद्युतीय उपकरणबाट मतदान गरेकोमा त्यसरी मतदान गरेको मत सङ्केतलाई अभिलेख गर्ने विद्युतीय उपकरणलाई समेत जनाउँछ।

(त) "समानुपातिक निर्वाचन प्रणाली" भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ५ बमोजिमको निर्वाचन प्रणाली सम्झनु पर्छ।

(थ) “सचिव” भन्नाले आयोगको सचिव सम्झनु पर्छ।

(द) “सहायक कर्मचारी” भन्नाले मतदान केन्द्रमा खटाइने मतदान अधिकृत र सहायक मतदान अधिकृत बाहेकका राजपत्र अनंकित वा सो सरहको अन्य कर्मचारी सम्झनु पर्छ।

(ध) “सहयोगी कर्मचारी” भन्नाले मतदान केन्द्रमा खटाइने श्रेणीविहीन वा सो सरहको कर्मचारी सम्झनु पर्छ।

## परिच्छेद-२

## बजेट व्यवस्थापन तथा अख्तियारी सम्बन्धी व्यवस्था

३. **आयोगको बजेट व्यवस्थापन सम्बन्धी व्यवस्था :** (१) निर्वाचन आयोग ऐन, २०७३ को दफा २७ को उपदफा (१) बमोजिम निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने प्रयोजनको लागि आवश्यक पर्ने बजेट आयोगले नेपाल सरकार, अर्थ मन्त्रालयसँग माग गर्नेछ।

(२) आयोगलाई प्राप्त हुने बजेटको व्यवस्थापन र बाँडफाँट आयोगले गर्नेछ।

(३) सचिवले उपदफा (२) बमोजिम बाँडफाँट भएको बजेट कार्यालयको नाममा मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआइएस) मा कृयाकलापगत बजेट प्रविष्ट गरी अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआइएस) स्वीकृत भएपछि आयोगमा खर्च गर्नुपर्ने रकम आयोगको सचिवालयले खर्च गर्नेछ। आयोगको सचिवालय बाहेकका अरू कार्यालयले खर्च गर्ने रकमको अख्तियारी सचिवले सम्बन्धित कार्यालयको प्रमुखलाई मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआइएस) मार्फत दिनेछ।

(५) उपदफा (४) बमोजिमको अख्तियारी र मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआइएस) मा प्रविष्ट भएको क्रियाकलाप तथा बजेटको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित कार्यालयलाई भुक्तानी निकासा दिनेछ।

(६) उपदफा (४) र (५) को अधीनमा रही भुक्तानी निकासा प्राप्त गर्ने, यस कार्यविधि र प्रचलित कानून बमोजिम खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने, लेखापरीक्षण गराउने र बेरुजु फछ्र्यौट गर्ने गराउने जिम्मेवारी खर्च गर्न अख्तियारी प्राप्त गर्ने अधिकारीको हुनेछ।

४. **खर्च गर्ने :** अर्थ मन्त्रालयबाट निकासा प्राप्त रकम कार्यालयहरुले यस कार्यविधिमा लेखिएकोमा यसै बमोजिम र नलेखिएकोमा प्रचलित कानून बमोजिम खर्च गर्नु पर्नेछ।

५. **निर्वाचन सुविधा :** (१) निर्वाचनको कुनै काममा संलग्न आयुक्त, आयोगको सचिवालय तथा सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी तथा सेवा करार र काजमा कार्यरत कर्मचारी, आयुक्तको सुविधामा कार्यरत कर्मचारी, आयुक्तको निवासमा सुरक्षाका लागि खटिएका सुरक्षाकर्मी, आयुक्तका निजी सुरक्षा अधिकारी (पिएसओ) र आयोगको मूल गेटमा खटिने नेपाल प्रहरीका दश जनासम्म सुरक्षाकर्मीले निर्वाचन अवधिभरमा अघिपछि गरी एक सय बीस दिनमा नबढ्ने गरी आयोगले तोकेको मितिदेखि अनुसूची-१ बमोजिम निर्वाचन सुविधा र खाजा तथा खाना खर्च पाउनेछन्।

तर विदा स्वीकृत गराई वा अन्य कारणले लगातार तीन दिनभन्दा बढी अवधिसम्म अनुपस्थित भएको कर्मचारीले उक्त बढी अवधिको निर्वाचन सुविधा र कार्यालयमा हाजिर नभएको दिनको खाजा तथा खाना खर्च पाउने छैन।

(२) भ्रमण आदेशबाट निर्वाचनको काममा काजमा खटिएको अवस्थामा त्यसरी खटिने आयुक्त तथा आयोगको सचिवालयमा कार्यरत कर्मचारीले सो अवधिभरको लागि भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक भत्ता तथा भ्रमण खर्च पाउनेछन्।

(३) उपदफा (२) बमोजिम खटिने आयुक्त वा कर्मचारीले भ्रमण प्रतिवेदन पेश गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम काजमा खटिएको आयुक्त तथा कर्मचारीले सो अवधिको खाजा तथा खाना खर्च पाउने छैनन्।

(५) आयुक्त तथा आयोगको सचिवालयका कर्मचारीले निर्वाचन अवधिभरमा अघिपछि गरी एक सय बीस दिनमा नबढ्ने गरी आयोगले तोकेको मितिदेखि प्रति महिना अनुसूची-१ बमोजिम सञ्चार सुविधा पाउनेछन्।

(६) दफा ४५ को उपदफा (१) को खण्ड (ख), (ग), (घ) र (ङ) मा उल्लेखित जिल्ला निर्वाचन व्यवस्थापन समितिका सदस्यले निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको दिनदेखि निर्वाचनको मतगणना सम्पन्न भएको दिनसम्म अनुसूची-१ बमोजिमको निर्वाचन सुविधा पाउनेछन्।

(७) आयोगबाट निर्वाचन आचारसंहिताको अनुगमनमा खटाइएका कर्मचारीले अनुसूची-१ बमोजिम निर्वाचन सुविधा पाउनेछन्।

तर भ्रमणमा खटिएको अवधिमा खाजा तथा खाना खर्च पाउने छैनन्।

६. **<u>निर्वाचन सञ्चालन खर्च :</u>** (१) कार्यालयले निर्वाचन सञ्चालनको लागि देहाय बमोजिम खर्च गर्न सक्नेछन्:-

(क) निर्वाचन सञ्चालन गर्न आवश्यक पर्ने सामग्री उत्पादन, खरिद, मतदाता शिक्षा सामग्री र मतपत्र डिजाइन, छपाइ, प्याकिङ र ढुवानी खर्च,

(ख) निर्वाचनको सन्दर्भमा सञ्चालन गर्ने मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम तथा निर्वाचन अधिकृत, अनुगमनकर्ता, अनुगमन टोलीका सदस्य, मतदान अधिकृत, सहायक मतदान अधिकृत, मतदान वा मतगणना कार्यमा खटिने कर्मचारी, निर्वाचन अधिकारी, सञ्चारकर्मी, सुरक्षाकर्मी, पर्यवेक्षकको लागि सञ्चालन गर्ने तालिम, अभिमुखीकरण, लेखा तथा सामग्री व्यवस्थापन, मतदाता शिक्षा, स्वयंसेवकको अभिमुखीकरण, राजनीतिक दलसँग छलफल तथा अन्तरक्रिया वा यस्तै अन्य तालिम तथा प्रशिक्षण कार्यक्रम, निर्वाचन समीक्षा र छलफल वा अन्तरक्रिया सञ्चालन तथा व्यवस्थापन खर्च,

(ग) निर्वाचन अवधिमा खपत हुने पानी तथा बिजुली, सञ्चार महसुल, घरभाडा (गोदाम समेत), सवारी साधन तथा उपकरण मर्मत सम्भार, इन्धन तथा कार्यालय सामान सम्बन्धी खर्च,

(घ) निर्वाचन अवधिभर विविध खर्चमा आयोगले बाँडफाँट गरेको रकमबाट हुने खर्च,

(ङ) आचारसंहिताको अनुगमन, प्रचार प्रसार निषेध अवधिको सुक्ष्म निगरानी र खर्च विवरण सङ्कलनमा सहजीकरण खर्च,

(च) यस कार्यविधिमा उल्लिखित अन्य कार्यका लागि गरिने खर्च,

(छ) निर्वाचन सञ्चालन गर्न आयोगको निर्णयानुसारका कार्यमा गरिने खर्च।

(२) निर्वाचनसँग सम्बन्धित तालिम, गोष्ठी, सेमिनार तथा कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड अनुसूची-२ बमोजिम हुनेछ।

## परिच्छेद-३

## <u>निर्वाचन अधिकृतको कार्यालय स्थापना, कर्मचारी व्यवस्थापन र खाता सञ्चालन सम्बन्धी व्यवस्था</u>

७. **<u>कार्यालय स्थापना गर्नुपर्ने :</u>** (१) निर्वाचन अधिकृतले आफू खटिएको जिल्लाको लागि सोही जिल्लाभित्र आयोगले तोकेको स्थानमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्दा निर्वाचन अधिकृतको कार्यालय सम्बन्धित निर्वाचन क्षेत्रको पायक पर्ने स्थानमा तोकिनेछ।

(३) उपदफा (२) बमोजिम कार्यालय स्थापना गर्दा कुनै सरकारी कार्यालय वा सरकारी स्वामित्वमा रहेको कार्यालयको भवनलाई प्रयोग गर्नु पर्नेछ। सरकारी कार्यालय वा सरकारी स्वामित्वमा रहेको कार्यालय वा भवन उपलब्ध नभएको खण्डमा घर भाडामा लिनुपर्ने अवस्था भएमा दफा १४ मा उल्लिखित बजेटको सीमाभित्र रही लिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम घर भाडामा लिनुपर्ने अवस्थामा घरधनीसँग सोझै वार्ताका माध्यमबाट लिन सकिनेछ। यसरी घरभाडामा लिंदा घरधनीसँग सम्झौता गर्नुपर्नेछ।

(५) निर्वाचन अधिकृतले आफ्नो कार्यालयको लागि आवश्यक पर्ने फर्निचर लगायतका भौतिक साधन सरकारी कार्यालय, गाउँपालिका वा नगरपालिकाको कार्यालय, सरकारी स्वामित्व वा नियन्त्रणमा रहेका कार्यालयबाट प्राप्त गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिमको निर्वाचन अधिकृतको कार्यालयलाई आवश्यक पर्ने भौतिक साधन तथा जनशक्ति उपलब्ध गराउनु सम्बन्धित कार्यालय वा निकायको कर्तव्य हुनेछ।

(७) समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन अधिकृतको कार्यालय आयोगले तोकेको स्थानमा रहनेछ।

८. **<u>निर्वाचन अधिकृतको कार्यालयमा रहने कर्मचारी :</u>** (१) समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन अधिकृतको कार्यालयमा रहने कर्मचारीको विवरण अनुसुची-३ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) निर्वाचन अधिकृतको कार्यालयमा अनुसुची-३ मा उल्लेख भए बमोजिमका कर्मचारी रहनेछन् ।

(३) निर्वाचन अवधिमा निर्वाचन कार्यक्रम सञ्चालनको कार्यचापलाई दृष्टिगत गरी प्रतिनिधि सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०८२ बमोजिम निर्वाचन अधिकृतको कार्यालयमा थप जनशक्तिको व्यवस्था गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम थप भएका जनशक्तिले अनुसूची-१ मा उल्लेख भए बमोजिमको सुविधा पाउनेछन् ।

(५) उपदफा (२) बमोजिमको कर्मचारीहरू समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको मतगणना सम्पन्न भएको मितिले निर्वाचन अधिकृत र लेखा अधिकृत वा लेखापाल वा सहलेखापाल बढीमा सात दिनसम्म र अन्य कर्मचारी मतगणना सम्पन्न भएको दिनसम्म निर्वाचन अधिकृतको कार्यालयमा काजमा रहन सक्नेछन्।

९. **<u>सुरक्षाकर्मी सम्बन्धी व्यवस्था :</u>** (१) निर्वाचन अधिकृतको कार्यालयको सुरक्षाको लागि बढीमा पाँच जना सुरक्षाकर्मी राख्न सकिनेछ।

(२) मतदान कार्य सम्पन्न भएपछि मतदान अधिकृतले बुझाउन ल्याएका मतपत्र रहेका मतपेटिका राख्ने स्थान र मतगणनास्थलको सुरक्षाको लागि पन्ध्र जनासम्म सुरक्षाकर्मी राख्न सकिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम खटिएका प्रत्येक सुरक्षाकर्मीले त्यसरी खटिएको प्रत्येक दिनको लागि अनुसूची-१ बमोजिमको खाजा तथा खाना खर्च निर्वाचन अधिकृतको कार्यालयबाट पाउनेछन्।

१०. **<u>संयुक्त दस्तखतबाट आर्थिक कारोबार सञ्चालन हुने :</u>** (१) निर्वाचन अधिकृतको कार्यालयको विनियोजन, राजस्व र धरौटीको आर्थिक कारोबार निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतले अधिकार प्रत्यायोजन गरेको अधिकृत र महालेखा नियन्त्रक कार्यालयले तोकेको नेपाल प्रशासन सेवा, लेखा समूह तर्फको लेखा अधिकृत, लेखापाल वा सहलेखापालको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(२) उपदफा (१) अनुसार खाता सञ्चालन गर्दा खाता सञ्चालकहरूको दस्तखत नमूना प्रमाणित सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्नेछ।

(३) उपदफा (१) बमोजिम अधिकार प्रत्यायोजन भएको अवस्थामा समेत आम्दानी खर्च कारोवारको जवाफदेहिता निर्वाचन अधिकृतको हुनेछ।

## परिच्छेद-४

## <u>निर्वाचन अधिकृतको कार्यालयको खर्च सम्बन्धी व्यवस्था</u>

११. **<u>निर्वाचन सुविधा :</u>** (१) निर्वाचन अधिकृतको कार्यालयमा रहने दफा ८ को उपदफा (१) र (२) बमोजिमका कर्मचारीमध्ये निर्वाचन अधिकृत र निजको निजी सुरक्षा अधिकारी (पिएसओ) ले नियुक्ति पाएको मितिदेखि र अन्य कर्मचारीले निर्वाचन अधिकृतको कार्यालयमा हाजिर भएको मितिदेखि दफा ८ को उपदफा (५) मा उल्लिखित अवधिसम्म अनुसुची-१ बमोजिमको निर्वाचन सुविधा पाउनेछन्। यस दफा बमोजिमको सुविधा स्वीकृत दरबन्दीमा सेवा करारमा काम गर्ने कर्मचारीहरूले समेत पाउनेछन्।

तर लगातार तीन दिन भन्दा बढी बिदामा रहेका वा अन्य कारणले अनुपस्थित भएका कर्मचारीले उक्त बढी अवधिको निर्वाचन सुविधा पाउने छैन।

(२) दफा ८ को उपदफा (२) बमोजिम निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयमा खटिएका कर्मचारी र निजी सुरक्षा अधिकारी (पिएसओ) ले कार्यालयमा हाजिर भएको दिनको अनुसुची-१ बमोजिमको खाजा तथा खाना खर्च पाउने छन्।

(३) निर्वाचन अधिकृतले कार्यालय स्थापना भएको मितिदेखि मतगणना सम्पन्न भएको सात दिनसम्मको अवधिको अनुसूची-१ बमोजिमको मासिक सञ्चार सुविधा पाउनेछ।

(४) यस दफा बमोजिमका सुविधाहरु दोहोरो नपर्ने गरी व्यवस्थापन गर्नुपर्नेछ।

१२. <u>**भ्रमण खर्च तथा दैनिक भत्ता :**</u> (१) निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयका अन्य कर्मचारीहरुले आफू नियुक्ति भएपछि आफ्नो पदाधिकार रहेको कार्यालयबाट आफू खटिएको निर्वाचन अधिकृतको कार्यालयमा हाजिर हुन जाँदा र निर्वाचनको कार्य सम्पन्न गरी आफ्नो पदाधिकार रहेको कार्यालयमा फर्किंदाको दिनको भ्रमण खर्च नियमावली, २०६४ बमोजिम भ्रमण खर्च तथा दैनिक भत्ता पाउनेछन्।

तर पदाधिकार रहेको कार्यालयबाट निर्वाचन अधिकृतको कार्यालय रहेको स्थान बीस किलोमिटर भन्दा घटी भएमा दैनिक भत्ता पाउने छैन।

(२) निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयका अन्य कर्मचारीहरुले उपदफा (१) बमोजिमको दैनिक भत्तामा भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम (२) बमोजिम थप रकम पाउने रहेछ भने सो रकम समेत थप गरी पाउनेछ।

(३) निर्वाचन सम्बन्धी कामको सिलसिलामा मतदान केन्द्रको निरीक्षण वा आचारसंहिता अनुगमनका लागि फिल्डमा जानु परेमा निर्वाचन अधिकृतले प्रतिदिन तीन हजार रूपैयाँ अनुगमन भत्ता पाउनेछ। तर त्यस्तो अनुगमन भत्ता निर्वाचन अवधिभर सात दिनभन्दा बढी अवधिको लागि पाउने छैन। उपदफा (१) बमोजिमको दैनिक भत्ता खर्च लेख्दा अनुगमन भत्ता पाएको अवधिको दोहोरो नपर्ने गरी खर्च लेख्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम अनुगमन खर्च लेख्दा अनुगमन प्रतिवेदन संलग्न गर्नु पर्नेछ।

(५) उपदफा (१) मा जुनसकै कुरा लेखिएको भए तापनि निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयका अन्य कर्मचारीले पदाधिकार रहेको कार्यालयबाट दैनिक भत्ता तथा भ्रमण खर्च पाइरहेको भए दोहोरो पर्ने गरी दैनिक भत्ता तथा भ्रमण खर्च पाउने छैनन्।

(६) दफा ११ बमोजिम निर्वाचन सुविधा पाइरहेका कर्मचारीले निर्वाचन सम्बन्धी काममा आफ्नो कार्यक्षेत्रभित्र काज खटिंदा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक भत्ता तथा भ्रमण खर्च पाउनेछन्।

(७) आयोगले खटाएदेखि बाहेक जिल्ला बाहिर भ्रमण गर्दा यस कार्यविधि बमोजिम भ्रमण खर्च तथा दैनिक भत्ता भुक्तानी गरिने छैन।

**१३. <u>स्थानीय भत्ता :</u>** नेपाल सरकारबाट तोकेको दरमा स्थानीय भत्ता पाउने जिल्लामा अन्यत्र जिल्लाबाट खटिई आएका निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयका अन्य कर्मचारीहरुले नेपाल सरकारले तोकेको दरमा स्थानीय भत्ता पाउनेछन्।

**१४. <u>कार्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी खर्च :</u>** (१) निर्वाचन आयोगको सचिवालयमा रहने समानुपातिक निर्वाचन प्रणालीतर्फको कार्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी खर्च आयोगले तोके बमोजिम हुनेछ।

(२) निर्वाचन अधिकृतको कार्यालयले कार्यालय सञ्चालन तथा व्यवस्थापनको लागि सो कार्यालय सञ्चालनमा रहेसम्मको अवधिभर अनुसूची-४ बमोजिमको सीमाभित्र रही खर्च गर्नु पर्नेछ।

## परिच्छेद-५

## <u>मतदान केन्द्रमा खटिने जनशक्ति र मतदान केन्द्रको खर्च सम्बन्धी व्यवस्था</u>

**१५. <u>मतदान केन्द्रमा खटिने जनशक्ति र सुविधा :</u>** (१) प्रत्येक मतदान केन्द्रमा खटिने कर्मचारीको विवरण अनुसूची-५ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) मतदान केन्द्रमा खटिने कर्मचारीले आफू कार्यरत कार्यालयबाट निर्वाचन अधिकृतको कार्यालयमा नियुक्ति लिन आउँदा लाग्ने दिन, निर्वाचन अधिकृतको कार्यालयमा नियुक्ति लिन उपस्थित हुँदाको एक दिन, तयारी म्याद एक दिन, निर्वाचन अधिकृतको कार्यालयबाट मतदान केन्द्रसम्म जाँदा लाग्ने दिन, मतदान केन्द्रमा बस्नुपर्ने तीन दिन, मतदान केन्द्रबाट सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयसम्म आउँदा लाग्ने दिन र निर्वाचन अधिकृतको कार्यालयबाट आफू कार्यरत कार्यालयमा फर्किदा लाग्ने दिन र मतदान अधिकृत तथा सहायक मतदान अधिकृतले तालिम भएको दिनको समेत कूल अवधिका लागि अनुसूची-६ बमोजिमको दैनिक भत्ता र भ्रमण खर्च पाउनेमा भ्रमण खर्च समेत सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट भुक्तानी पाउनेछन्।

(३) उपदफा (१) बमोजिम दैनिक भत्ता भुक्तानी दिँदा पैदल भ्रमण गर्नुपर्ने स्थानको लागि प्रतिदिन बीस किलोमिटरका दरले गणना गर्नु पर्नेछ। किलोमिटरको आधारमा दिन गणना गर्दा सवारी साधन नचल्ने स्थानबाट मात्र गणना गर्नु पर्नेछ।

(४) भ्रमण खर्च नियमावली, २०६४ को नियम (७) को उपनियम (२) बमोजिम दैनिक भत्तामा थप रकम पाउने स्थानमा खटिने कर्मचारीले उपदफा (२) बमोजिमको दैनिक भत्तामा थप दश प्रतिशत रकम पाउनेछ।

(५) जिल्ला निर्वाचन सुरक्षा योजना बमोजिम तोकिएको संख्यामा मतदान केन्द्रको सुरक्षाको लागि सुरक्षा निकायबाट खटाइएका सुरक्षाकर्मीलाई मतदान केन्द्रमा बसेको तीन दिनको प्रतिदिन प्रतिव्यक्ति छ सय रूपैयाँको दरले खाजा खर्च निर्वाचन अधिकृतको कार्यालयबाट पाउनेछन्।

(६) उपदफा (५) बमोजिमको सुरक्षाकर्मी खटाउने निकायले सुरक्षाकर्मीलाई खाजा खर्चको रकम उपलब्ध गराउने प्रयोजनका लागि सुरक्षाकर्मीका नामावली र स्थायी लेखा नम्बर सहितको विवरण निर्वाचन अधिकृतको कार्यालयलाई उपलब्ध गराउनुपर्नेछ।

(७) सम्बन्धित निर्वाचन क्षेत्रको कुल मतदान केन्द्रको दुई प्रतिशतसम्म संख्यामा मतदान अधिकृत र सहायक मतदान अधिकृतमा खटाउने प्रयोजनको लागि जगेडामा कर्मचारी राख्न सकिनेछ। यसरी जगेडामा रहने कर्मचारीले निर्वाचन अधिकृतको कार्यालयमा सम्पर्क गर्न एक दिन र तालिममा सहभागी भएको एक दिन गरी जम्मा दुई दिनको अनुसूची-६ बमोजिमको दैनिक भत्ता निर्वाचन अधिकृतको कार्यालयबाट पाउनेछन्।

(८) नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्थाका कर्मचारी मतदान केन्द्रमा खटिएको अवस्थामा त्यस्तो कर्मचारीको तह वा पद मिलान गरी निजलाई अन्य कर्मचारीले पाए सरह दैनिक भत्ता तथा भ्रमण खर्च उपलब्ध गराइनेछ।

**१६.** **<u>विविध तथा भैपरी आउने खर्च :</u>** (१) विविध तथा भैपरी आउने कार्यका लागि अनुसूची-६ बमोजिमको रकम मतदान अधिकृतलाई दिइनेछ।

**१७.** **<u>स्वयंसेवकको दैनिक भत्ता :</u>** मतदान केन्द्रमा स्वयंसेवकको रूपमा नियुक्त हुने व्यक्तिलाई तीन दिनको लागि दिइने अनुसूची-६ बमोजिम दैनिक भत्ता वापतको रकम मतदान अधिकृतलाई एकमुष्ट उपलब्ध गराइनेछ।

**१८.** **<u>मतदान केन्द्र निर्माण तथा व्यवस्थापन खर्च :</u>** मतदान केन्द्र निर्माण तथा व्यवस्थापन खर्च बापत अनुसूची-६ मा उल्लेख भए बमोजिमको रकम मतदान अधिकृतलाई उपलब्ध गराइनेछ।

**१९.** **<u>ढुवानी खर्च :</u>** (१) मतपत्र, मतपेटिका तथा अन्य निर्वाचन सामग्री निर्वाचन कार्यालय वा निर्वाचन अधिकृतको कार्यालयबाट मतदान केन्द्रसम्म र मतदान केन्द्रबाट मतगणना स्थलसम्म ढुवानी गर्दा पैदल हिँड्नु परेमा बीस किलोमिटर दूरीको लागि एक दिन कायम गरी अनुसूची-६ बमोजिम ढुवानी खर्च बापत मतदान अधिकृतलाई उपलब्ध गराइनेछ।

(२) सार्वजनिक सवारी साधन प्रयोग गरी मतपेटिका तथा अन्य निर्वाचन सामग्री ढुवानी गरेको अवस्थामा मतदान अधिकृतलाई उपदफा (१) बमोजिम हुने रकमको पचास प्रतिशत रकम मात्र दिइनेछ।

(३) मतदान कार्य सम्पन्न भए पश्चात सुरक्षित तवरले मतगणना स्थलसम्म मतपत्र सहितको मतपेटिका सुरक्षा निकायको प्रत्यक्ष रेखदेखमा ढुवानी गरी ल्याउने कार्य जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी जिल्ला निर्वाचन कार्यालयले गर्नेछ।

(४) मतगणना कार्य सम्पन्न भएपछि निर्वाचन कार्यालयसम्म मतपेटिका लगायतका अन्य निर्वाचन सामग्री ढुवानीको व्यवस्था निर्वाचन कार्यालयले मिलाउनु पर्नेछ।

२०. **<u>खर्च लेखी भुक्तानी दिनुपर्ने :</u>** मतदान अधिकृतलाई दफा १५ बमोजिमको भ्रमण खर्च तथा दैनिक भत्ता, दफा १६, १७, १८ र दफा १९ को उपदफा (१) (२) र (४) बमोजिमका खर्च हिसाब गरी निज खटिएको अवस्थामा नै अनुसूची-७ बमोजिमको भर्पाई गराई निर्वाचन अधिकृतको कार्यालयले खर्च लेखी भुक्तानी दिनु पर्नेछ। सहायक मतदान अधिकृत लगायत मतदान केन्द्रमा खटिने सहायक कर्मचारी र सहयोगी कर्मचारीलाई दिइने भ्रमण खर्च तथा दैनिक भत्ताको समेत यसै कार्यविधि अनुसार गरिनेछ।

२१. **<u>बिल भर्पाई पेश गर्नु नपर्ने :</u>** मतदान अधिकृतले दफा १६, १७, १८ र १९ को उपदफा (१) (२) र (४) बमोजिमको खर्चको बील भर्पाई पेश गर्नुपर्ने छैन।

## परिच्छेद-६

## <u>मतगणना सम्बन्धी व्यवस्था</u>

२२. **<u>मतगणना कर्मचारी र खर्च:</u>** (१) मतगणना कार्यका लागि मतगणना टोलीमा रहने कर्मचारीको विवरण अनुसूची-८ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) मतगणना टोलीले पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ एक सिफ्टमा गणना गर्नुपर्ने मतपत्रको संख्या तीन हजार र समानुपातिक तर्फ एक हजार पाँच सय हुनेछ।

(३) निर्वाचन अधिकृतले गणना गर्नुपर्ने मतपत्र उपलब्ध स्थान र सुरक्षा व्यवस्था समेतको आधारमा एकै समयमा दुई वा सो भन्दा बढी मतगणना टोली परिचालन गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम मतगणना टोलीमा रहेका कर्मचारीले प्रत्येक सिफ्टको मतगणना बापत अनुसूची-९ मा उल्लेख भए बमोजिमको रकम पाउनेछ। तर मतगणनाको लागि एकै समयमा एक भन्दा बढी मतगणना टोली परिचालन गरिएकोमा प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत) ले प्रत्येक थप टोलीको लागि अनुसूची-९ मा उल्लेख भए बमोजिमको थप रकम मात्र पाउनेछ।

(५) निर्वाचन अधिकृतको निजी सुरक्षा अधिकारी (पिएसओ) ले मतगणना अवधिमा प्रतिदिन छ सय रूपैयाँ भत्ता पाउनेछ।

२३. **मतगणना व्यवस्थापन खर्च :** (१) निर्वाचन अधिकृतको कार्यालयले मतगणना स्थलमा आवश्यक पर्ने बाँस, डोरी, म्याट, कार्पेट, चकटी, बत्ती, पानी, जेनेरेटर, माईक आदिको व्यवस्था गर्न अनुसूची-४ को क्रमसङ्ख्या ७ बमोजिम खर्च गर्न सक्नेछन्।

(२) निर्वाचन अधिकृतको कार्यालयले मतगणना कार्यमा खटिने कर्मचारीको खाजा र चिया वापत प्रत्येक सिफ्टका लागि अनुसूची-४ को क्रमसङ्ख्या ८ बमोजिम खर्च गर्न सक्नेछन्।

## परिच्छेद-७

## स्रेस्ता राख्ने तथा लेखापरीक्षण गर्ने सम्बन्धी व्यवस्था

२४. **कर कट्टी सम्बन्धी व्यवस्था :** (१) निर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा कुनै आयुक्त, निर्वाचन अधिकृत, कर्मचारी र सुरक्षाकर्मीलाई निर्वाचन सुविधा, सञ्चार सुविधा, थप भत्ता, मतगणना भत्ता, खाजा तथा खाना खर्च लगायतका यस कार्यविधि बमोजिम दिइने सेवा सुविधा बापतको रकम भुक्तानी गर्दा प्रचलित आयकर ऐन बमोजिम कर कट्टा गर्नु पर्नेछ।

तर दैनिक भत्ता तथा भ्रमण खर्च र अनुगमन भत्ता बापतको रकम भुक्तानी गर्दा कर कट्टी गर्नुपर्ने छैन।

(२) घर तथा गोदामको भाडा भुक्तानी गर्दा प्रचलित कानून बमोजिम बहाल कर कट्टा गर्नु पर्नेछ।

(३) निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा भएका प्रशासनिक तथा व्यवस्थापन खर्चमा प्रचलित कानून बमोजिम अग्रिम कर कट्टी गर्नु पर्नेछ।

२५. **स्रेस्ता तथा फाँटवारी तयार गर्नुपर्ने :** (१) निर्वाचन अधिकृतले यस कार्यविधि बमोजिम खर्च गर्दा प्रचलित कानून बमोजिम गोश्वारा भौचर, बजेट खाता, बैङ्क नगदी किताब, खर्चको फाँटवारी, पेश्की लेजर, माग फाराम, खरिद आदेश, दाखिला रिपोर्ट समेतको रीतपूर्वक स्रेस्ता राख्नु पर्नेछ।

(२) निर्वाचन अधिकृतले राजस्व र धरौटीको आम्दानी तथा खर्चको स्रेस्ता प्रचलित कानून बमोजिम राख्नु पर्नेछ।

(३) निर्वाचन अधिकृतले समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको मतगणना सम्पन्न भएपछि अख्तियारी साथ दिइएको वर्गीकरण र अनुसूची-१० बमोजिमको खर्चको मास्केवारी तयार गरी आन्तरिक लेखापरीक्षणको लागि सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ।

२६. **<u>खर्चको बील भर्पाई प्रमाणित गरी राख्नुपर्ने :</u>** निर्वाचन अधिकृत वा निजबाट अधिकार प्राप्त अधिकृतबाट प्रत्येक खर्चको बील, भर्पाई र मास्केवारीसँग सम्बन्धित सम्पूर्ण स्रेस्ता प्रमाणित गरी राख्नु पर्नेछ।

२७. **<u>थप खर्चका लागि पूर्व स्वीकृति लिनुपर्ने :</u>** (१) निर्वाचन अधिकृतले काबू बाहिरको परिस्थिति सिर्जना भई यस कार्यविधिमा उल्लेख भए बमोजिमको शीर्षकमा तोकिएको भन्दा बढी रकम खर्च गर्नुपर्ने अवस्था आइपरेमा सोको पर्याप्त आधार, कारण र पुष्टयाई सहित स्वीकृतिको लागि आयोगमा लेखी पठाउनु पर्नेछ र सो सम्बन्धमा आयोगले दिएको निर्देशन बमोजिम गर्नु पर्नेछ।

(२) निर्वाचन अधिकृतले यस कार्यविधि बमोजिम खर्च गर्दा कुनै द्विविधा उत्पन्न भएमा सो सम्बन्धमा स्पष्टताका लागि आयोगमा लेखी पठाउन सक्नेछ।

२८. **<u>राजस्व खातामा रकम दाखिला गर्नुपर्ने :</u>** निर्वाचन अधिकृतको कार्यालयले नेपाल सरकारलाई प्राप्त हुने सबै प्रकारको राजश्व रकम निर्वाचन अधिकृतको कार्यालयको कार्यालय कोडमा सम्बन्धित राजस्व शीर्षकमा जम्मा गर्नु पर्नेछ।

२९. **<u>रकम फिर्ता गर्नुपर्ने :</u>** निर्वाचन अधिकृतको कार्यालयले निकासा लिएको रकममध्ये खर्च नभई बाँकी रहेको रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरी हिसाब मिलान गर्नु पर्नेछ।

३०. **<u>धरौटी रकम जम्मा गर्ने :</u>** निर्वाचन अधिकृतले समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको मतगणना सम्पन्न भएपछि निर्वाचन अधिकृतको कार्यालयको नाममा मौज्दात रहेको धरौटी रकम सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयको कार्यालय कोडमा जम्मा गरी धरौटी कारोबार बन्द गर्नु पर्नेछ। धरौटीको प्रयोजन सहित धरौटी जम्मा गर्नेको नाम नामेसी र धरौटी रकमको विवरण आयोग, सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र निर्वाचन कार्यालयमा पठाउनु पर्नेछ।

३१. **<u>फाँटवारी पठाउनु पर्ने :</u>** निर्वाचन अधिकृतको कार्यालयले बजेट उपशीर्षकगत, खर्च शीर्षकगत र क्रियाकलापगत खर्चको फाँटवारी निर्वाचन सम्पन्न भएपछि छिटो माध्यमद्वारा सात दिनभित्र आयोगको सचिवालयमा पठाउनु पर्नेछ।

३२. **<u>आन्तरिक लेखापरीक्षण गराई स्रेस्ता बुझाउनु पर्ने :</u>** (१) निर्वाचन अधिकृतले विनियोजन, राजस्व र धरौटीतर्फको स्रेस्ता समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको मतगणना सम्पन्न भएपछि सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गराउनु पर्नेछ।

(२) कोष तथा लेखा नियन्त्रक कार्यालयले उपदफा (१) बमोजिम आन्तरिक

लेखापरीक्षण गरी सोको प्रतिवेदन र प्रमाणित आर्थिक विवरण सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय र आयोगको सचिवालयलाई उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम आन्तरिक लेखापरीक्षण भई प्रतिवेदन प्राप्त भएपछि निर्वाचन अधिकृतले आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेरुजु फस्यौंट गरी सोको प्रमाण तथा सम्पूर्ण स्रेस्ता र प्रमाणित आर्थिक विवरण निर्वाचनको मतगणना सम्पन्न भएको सात दिनभित्र सम्बन्धित निर्वाचन कार्यालयमा बुझाउनु पर्नेछ।

(४) सम्बन्धित निर्वाचन अधिकारीले उपदफा (३) बमोजिम सबै निर्वाचन अधिकृतबाट प्राप्त स्रेस्ताको महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

(५) निर्वाचन सम्पन्न भई निर्वाचन अधिकृतको कार्यालय बन्द हुँदाका बखत निर्वाचन अधिकृतको कार्यालयले खरिद गरी खर्च नभई मौज्दातमा रहेका सम्पूर्ण जिन्सी सामान सम्बन्धित निर्वाचन कार्यालयमा बुझाई भर्पाई लिनुपर्नेछ र सो भर्पाईको प्रतिलिपि स्रेस्तासाथ संलग्न गर्नु पर्नेछ। कार्यालय सञ्चालन तथा व्यवस्थापनको लागि अन्य कार्यालय वा संस्थाबाट ल्याएका जिन्सी सामान सम्बन्धित कार्यालय वा संस्थालाई नै फिर्ता बुझाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम बुझेका जिन्सी सामान निर्वाचन कार्यालयले प्रचलित कानुन बमोजिम आम्दानी बाँध्नु पर्नेछ।

**३३.** **<u>अन्तिम लेखापरीक्षण :</u>** आयोग, निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन कार्यालयले राखेको लेखाको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनेछ।

**३४.** **<u>निर्वाचन अधिकृतको दायित्व :</u>** आर्थिक कारोबार गर्दा गराउँदा निर्वाचन अधिकृतले देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) यस कार्यविधि बमोजिम खर्च गर्दा अख्तियारीको सीमाभित्र रही सम्बन्धित खर्च शीर्षकबाट मात्र रीतपूर्वक खर्च गर्ने,

(ख) आर्थिक कारोबारसँग सम्बन्धित बिल भरपाई तथा कारोबारसँग सम्बन्धित सबै कागजात प्रमाणित गरी गराई सुरक्षित साथ राख्ने,

(ग) खर्च भएको रकमको स्रेस्ताको आन्तरिक लेखापरीक्षण गराई निर्वाचन कार्यालयमा स्रेस्ता बुझाउने,

(घ) लेखापरीक्षणबाट औंल्याइएको बेरुजु फछ्यौंट वा असूल उपर गर्नुपर्ने भए फर्छयौट वा असूल उपर समेत गरी बेरुजु फछ्यौंट गर्ने, कुनै किसिमको पेश्की रकम बाँकी वा बेरूजु वा अन्य कैफियत बाँकी रहन नदिने।

**३५. <u>असूल उपर गरिने :</u>** (१) यस कार्यविधिको उल्लङ्घन गरी गरेको खर्च त्यस्तो खर्च गर्ने सम्बन्धित अख्तियार प्राप्त अधिकारीबाट प्रचलित कानून बमोजिम असूल उपर गरिनेछ।

(२) निर्वाचनको कार्यमा खटिएको कुनै कर्मचारीले यस कार्यविधि बमोजिम पाउने भत्ता बापतको रकम बुझिसकेपछि निजले आयोग वा निर्वाचन अधिकृतले तोकेको जिम्मेवारी पूरा नगरेमा त्यस्तो कर्मचारीलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा ४३ वा दफा ४४ बमोजिम विभागीय कारबाही गरी वा सम्बन्धित निकायमा लेखी पठाई सो रकम प्रचलित कानून बमोजिम असूल उपर गरिनेछ।

**३६. <u>खर्च सार्वजनिक गर्नुपर्ने :</u>** कार्यालयहरुले निर्वाचनसँग सम्बन्धित काममा भएका सम्पूर्ण खर्चको विवरण कार्यालयको वेबसाइट मार्फत् मासिक रूपमा सार्वजनिक गर्नु पर्नेछ।

## परिच्छेद-८

## <u>विविध</u>

**३७. <u>विशेषज्ञ सेवा लिन सक्ने :</u>** (१) आयोगले आवश्यकतानुसार मतदाता नामावली, मतदाता परिचयपत्र, निर्वाचन चिन्ह, मतपत्रको डिजाइन, सञ्चार व्यवस्थापन लगायत निर्वाचनको कामको सम्बन्धमा विशेषज्ञको सेवा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको विशेषज्ञ सेवाका लागि कामको प्रकृति, विशेषज्ञ सेवाको लागि आवश्यक पर्ने योग्यता र अनुभव समेतलाई आधार लिई सम्बन्धित विशेषज्ञलाई बढीमा एक लाख रूपैयाँसम्म परामर्श शुल्क वा सेवा शुल्क दिन सकिनेछ।

**३८. <u>बीमा गर्ने :</u>** (१) निर्वाचनको काममा संलग्न आयुक्त, आयोगको सचिवालय, सम्बन्धित प्रदेश तथा जिल्ला निर्वाचन कार्यालय र निर्वाचन अधिकृतको कार्यालयका कर्मचारी, मतदान केन्द्रमा खटिने स्वयंसेवक, मतदाता शिक्षा स्वयंसेवक, अनुगमनकर्ता, अनुगमन टोलीका सदस्य, निजी सुरक्षा अधिकारी (पिएसओ), विशेषज्ञ सेवाका लागि नियुक्त विज्ञ, मतदान केन्द्र तथा मतगणना स्थलमा खटिने कर्मचारी लगायत निर्वाचनको काममा संलग्न व्यक्तिको व्यक्तिगत दुर्घटना र बाह्य आक्रमणबाट हुने दुर्घटना तथा निर्वाचनको काममा खटिएका वखत जुनसुकै प्रकारको दुर्घटनामा परी मृत्यु भएमा वा अङ्गभङ्ग भएमा जुनसुकै प्रकारको यातायात खर्च सहितको औषधी उपचार समेतका लागि बीस लाख रूपैयाँको बीमा गरिनेछ।

(२) उपदफा (१) बमोजिम बीमा गरिने बीमितको संख्या र अवधि आयोगले निर्णय गरे बमोजिम हुनेछ।

**३९. <u>निर्वाचनका लागि आवश्यक सामग्री खरिद गर्ने :</u>** (१) यस कार्यविधि अनुसार निर्वाचनको लागि आवश्यक हुने निर्वाचन सामग्री, मतदाता शिक्षा सामग्री लगायतका अन्य सामग्री खरिद एवम्

सवारी साधन र मेशिनरी उपकरणको मर्मत सम्भार गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-११ बमोजिमका कुनै निर्वाचन सामग्री तथा मतदाता शिक्षा सामग्री खरिद एवम् सवारी साधन तथा मेशिनरी उपकरणको मर्मत सम्भार र ढुवानी सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको प्रक्रिया पूरा गर्न सम्भव नभएमा आयोगले आधार र कारण खुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ बमोजिम खरिद गर्न सक्नेछ। सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको प्रक्रिया पूरा गर्न सम्भव नभएको अवस्थामा आयोगले आधार र कारण खुलाई खरिद गर्दा अपनाउनु पर्ने प्रक्रिया आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(३) निर्वाचन कार्यालयले निर्वाचनको लागि आवश्यक हुने मतदान सामग्री र मतदाता शिक्षा सामग्री लगायतका अन्य सामग्री खरिद एवम् सवारी साधन र मेशिनरी उपकरणको मर्मत सम्भार गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम खरिद गर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मतदान सामग्री, मतदाता शिक्षा सामग्री, निर्वाचनसँग सम्बन्धित अन्य सामग्री खरिद एवम् सवारी साधन र मेशिनरी उपकरणको मर्मत सम्भार गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको प्रक्रिया पूरा गर्न सम्भव नभएमा आयोगमा लेखी पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम लेखी आएको अवस्थामा निर्वाचन कार्यालयले खरिद गर्दा अपनाउनु पर्ने प्रक्रिया आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

४०. **मतदाता नामावली अद्यावधिक गर्ने :** (१) आयोगले तोकेको Cut-off Date सम्म सङ्कलन भएको मतदाता नामावली अद्यावधिक गर्नको लागि निर्वाचन कार्यालयमा मतदाता नामावलीमा दावी विरोधको कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन अवधि, खटिने जनशक्ति र यसरी खटिने जनशक्तिले पाउने सुविधा सुविधा आयोगले तोकेबमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम मतदाता नामावली अद्यावधिक, मतदाता नामावलीको प्रकाशन र अभिमुखीकरण कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्दा लाग्ने खर्च आयोगबाट स्वीकृत कार्यक्रम अनुसार हुनेछ।

४१. **<u>मतदाता शिक्षा तथा सामग्रीको विकास र प्रयोग :</u>** (१) निर्वाचनमा मतदान गर्ने प्रक्रिया र मतदाताको अधिकारका सम्बन्धमा मतदातालाई जानकारी गराउन आयोगले आवश्यकता अनुसार मतदाता शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्नेछ।

(२) मतदाता शिक्षाका लागि छापा तथा अडियो भिडियो सामग्री विकास तथा प्रकाशन, प्रसारण, सार्वजनिक महत्त्वका सूचनाको निर्माण, प्रकाशन तथा प्रसारण गरिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम मतदाता शिक्षा सामग्री उत्पादन, प्रकाशन तथा प्रसारण एवम् मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्दा लाग्ने खर्च आयोगबाट स्वीकृत कार्यक्रम अनुसार हुनेछ।

४२. **<u>सुरक्षा सम्बन्धी व्यवस्था :</u>** (१) आयोग परिसरमा सुरक्षा व्यवस्थाका लागि खटिने सशस्त्र प्रहरी बल, नेपालका दश जनासम्म सुरक्षाकर्मीलाई निर्वाचन अवधिमा प्रतिव्यक्ति प्रतिदिन अनुसूची-१ बमोजिम खाजा तथा खाना खर्च उपलब्ध गराइनेछ।

(२) निर्वाचन अवधिमा निर्वाचन कार्यालयको तथा निर्वाचन सामग्री राखिएको ठाउँको सुरक्षाको लागि बढीमा पाँच जना सम्म सुरक्षाकर्मीलाई त्यसरी परिचालन भएको अवधिको लागि प्रतिव्यक्ति प्रतिदिन अनुसूची-१ बमोजिम खाजा तथा खाना खर्च उपलब्ध गराइनेछ।

(३) मतपत्र छपाइस्थलमा खटिने वा मतपत्र ढुवानीको सुरक्षार्थ खटिने सुरक्षाकर्मीमध्ये आयोगले तोकेको संख्याका सुरक्षाकर्मीलाई त्यसरी खटिएको अवधिका लागि अनुसूची-१ बमोजिम खाजा तथा खाना खर्च उपलब्ध गराइनेछ।

(४) उपदफा (१) र (२) मा उल्लेख भए भन्दा बढी संख्यामा सुरक्षाकर्मी परिचालन भएको अवस्थामा अनुसूची-१ मा उल्लेख भए बमोजिमको खाजा तथा खाना खर्च बापतको रकम दामासाहीले उपलब्ध गराइनेछ।

४३. **<u>ढुवानी सम्बन्धी व्यवस्था :</u>** निर्वाचन सञ्चालनका लागि आवश्यक पर्ने मतपेटिका, मतपत्र, मतदाता परिचयपत्र लगायतका निर्वाचन सामग्री आयोगबाट सम्बन्धित निर्वाचन कार्यालय र निर्वाचन अधिकृतको कार्यालयसम्म ढुवानी गर्दा लागेको बिल अनुसारको रकम भुक्तानी गरिनेछ।

४४. **<u>आर्थिक व्यवस्थापन समिति :</u>** (१) यस कार्यविधि बमोजिमको आर्थिक ब्यवस्थापन, विनियोजन रकम बाँडफाँट तथा निकासा सम्बन्धी कामका लागि आयोग सचिवालयमा देहाय बमोजिमको आर्थिक ब्यवस्थापन समिति रहनेछः

(क) सचिव, निर्वाचन आयोग - अध्यक्ष

(ख) सहसचिव, प्रशासन महाशाखा -सदस्य

(ग) सहसचिव, निर्वाचन ब्यवस्थापन महाशाखा -सदस्य

(घ) सहसचिव, कानून तथा राजनीतिक दल ब्यवस्थापन महाशाखा -सदस्य

(ङ) उप-सचिव, योजना, अनुगमन तथा बैदेशिक सम्बन्ध शाखा -सदस्य

(च) उप-सचिव, प्रशासन शाखा -सदस्य

(छ) उप-सचिव (लेखा), आर्थिक प्रशासन शाखा -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तब्य देहाय अनुसार हुनेछः

(क) निर्वाचन प्रयोजनका लागि बजेट अनुमान तयार गरी आयोग समक्ष सिफारिश गर्ने,

(ख) निर्वाचनका लागि प्राप्त बजेट खर्च, आम्दानी, राजस्व, धरौटी तथा सो सम्बन्धी आर्थिक कारोवारहरुको सञ्चालन, नियन्त्रण तथा ब्यवस्थापन गर्न आवश्यक आर्थिक कार्यविधि तयार गरी आयोग समक्ष सिफारिश गर्ने,

(ग) निर्वाचनका लागि विनियोजन स्वीकृत भएको बजेट बाँडफाँट गरी कार्यालयहरुमा पठाउने,

(घ) निर्वाचनका लागि प्राप्त विनियोजन बजेट र समग्र आर्थिक कारोवारहरुको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ङ) निर्वाचनका लागि नपुग बजेट निकासाका लागि आयोग समक्ष सिफारिश गर्ने,

(च) समितिले कामको प्रकृति हेरी अत्यावश्यक भएको अवस्थामा बैठकमा बढीमा दुई जनासम्म बिज्ञलाई आमन्त्रण गरी राय, सल्लाह वा सुझाव लिन सक्नेछ, र

(छ) समितिका अध्यक्षको परामर्शमा सदस्य-सचिवले बैठक बोलाउनेछ।

**४५.** **<u>जिल्ला निर्वाचन व्यवस्थापन समिति :</u>** (१) निर्वाचन स्वच्छ, व्यवस्थित तथा मर्यादित रूपले सम्पन्न गर्न सम्बन्धित निकायहरू बीच समन्वय गर्न र आवश्यक सुरक्षा व्यवस्था मिलाउन सम्बन्धित जिल्लामा देहाय बमोजिमको जिल्ला निर्वाचन व्यवस्थापन समिति रहनेछ :-

(क) मुख्य निर्वाचन अधिकृत -संयोजक

(ख) निर्वाचन अधिकृत -सदस्य

(ग) प्रमुख जिल्ला अधिकारी -सदस्य

(घ) जिल्लास्थित सुरक्षा निकायका प्रमुख -सदस्य

(ङ) कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख -सदस्य

(च) जिल्ला सुरक्षा समितिको सदस्य-सचिव -सदस्य

(छ) निर्वाचन कार्यालयको प्रमुख -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) उपदफा (२) बमोजिम तीन पटकसम्म बसेको बैठकको नियमानुसार बैठक भत्ता उपलब्ध हुनेछ।

४६. **सुरक्षा अनुगमन घुम्ती टोली :** (१) प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी र भयमुक्त बनाउनको लागि सुरक्षा व्यवस्था अनुगमन तथा निर्वाचन सम्बन्धी अन्य कार्यको समन्वय तथा सहजीकरण गर्न प्रमुख जिल्ला अधिकारीले सुरक्षा अनुगमन घुम्ती टोली खटाउन सक्नेछ।

(२) सुरक्षा अनुगमन घुम्ती टोलीको लागि अनुसूची-६ बमोजिमको रकम निर्वाचन कार्यालयबाट उपलब्ध गराइनेछ।

४७. **समिति गठन सम्बन्धी व्यवस्था :** आयोगले निर्वाचन सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यकतानुसार अन्य समिति, उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

४८. **बैठक भत्ता तथा अन्य खर्चः** (१) दफा ४४ बमोजिमको आर्थिक व्यवस्थापन समिति वा दफा ४७ बमोजिम आयोगद्वारा निर्वाचन सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यकतानुसार गठन भएको अन्य समिति, उपसमिति वा कार्यदलले कार्यालय समय अघिपछि वा सार्वजनिक बिदाको दिनमा बैठक गर्नुपरेमा नेपाल सरकार, अर्थ मन्त्रालयद्वारा स्वीकृत कार्यसञ्चालन निर्देशिका, २०८१ द्वारा निर्दिष्ट दरमा बैठक भत्ता तथा अन्य खर्च उपलब्ध गराउन सकिनेछ।

तर एक ब्यक्तिले प्रति दिन दुई वटा भन्दा बढी बैठकको बैठक भत्ता पाउने छैन। अत्यावश्यक भएको अवस्थामा बढीमा दुई जना सम्म बैठकमा उपस्थित बिज्ञलाई कार्यालय समयभित्र बसेको बैठकको समेत बैठक भत्ता दिन कुनै बाधा पर्ने छैन।

(२) दफा ४७ बमोजिम आयोगद्वारा अन्य समिति, उपसमिति वा कार्यदल गठन गर्दा सो समिति, उपसमिति वा कार्यदलको सँरचना, कार्यशर्त र कार्याविधि स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

४९. **<u>अतिरिक्त समयको हाजिरीका आधारमा खाजा खाना खर्च उपलब्ध गराइने:</u>** कार्यालयका पदाधिकारी तथा कर्मचारी लगायत सुरक्षाकर्मी समेतलाई निर्वाचन अवधिमा काम गर्दा पाउने खाजा तथा खाना खर्च प्रयोजनका लागि कार्यालय लाग्ने दिनमा थप दुई घण्टा र सार्वजनिक बिदाको दिनमा चार घण्टा कार्यस्थलमै हाजिर भई अतिरिक्त काम गरेको आधारमा मात्र उपलब्ध गराइनेछ।

५०. **<u>थप बजेट माग गर्ने :</u>** निर्वाचनका लागि विनियोजन भएको रकम निर्वाचन सञ्चालनको क्रममा अपुग भएमा आवश्यक पर्ने थप रकम आयोगले नेपाल सरकार, अर्थ मन्त्रालयसँग माग गर्न सक्नेछ।

५१. **<u>विद्युतीय भुक्तानी मार्फत बजेट खर्च हुने :</u>** कार्यालयबाट हुने निर्वाचन सम्बन्धी सम्पूर्ण खर्चहरू विद्युतीय भुक्तानी मार्फत हुनेछ।

५२. **<u>खर्च शीर्षकमा हेरफेर वा थपघट :</u>** आयोगले यस कार्यविधिमा उल्लेख भएका खर्च शीर्षकमा हेरफेर वा थपघट सम्बन्धी व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी प्रचलित नेपाल कानून बमोजिम गर्नेछ।

## अनुसूची-१

(दफा ५ को उपदफा (१), (५), (६), दफा ८ को उपदफा (४), दफा ९ को उपदफा (३), दफा ११ को उपदफा (१), (२), (४) र दफा ४२ को उपदफा (१), (२), (३) सँग सम्बन्धित)

**<u>आयुक्त तथा कर्मचारी, सुरक्षाकर्मी र निर्वाचन सुरक्षा समितिका पदाधिकारीको निर्वाचन सुविधा</u>**

<table>
<tr><th rowspan="2">क्र.सं.</th><th rowspan="2">सुविधा पाउनेको विवरण</th><th colspan="4">निर्वाचन सुविधा</th></tr>
<tr><th>प्रतिमहिना निर्वाचन सुविधा</th><th>प्रतिदिन खाजा खर्च रू.</th><th>सार्वजनिक विदाको दिनमा प्रतिदिन खाना खर्च रू.</th><th>सञ्चार सुविधा रू. (प्रति महिना)</th></tr>
<tr><td>१</td><td>आयुक्त<br>दफा ५ को उपदफा (१), र (५)</td><td>शुरु तलब स्केलको एक सय प्रतिशत</td><td rowspan="6">३००।-</td><td rowspan="6">५००।-</td><td>२,५००।-</td></tr>
<tr><td rowspan="4">२</td><td rowspan="4">आयोगको सचिवालयमा कार्यरत कर्मचारी<br>दफा ५ को उपदफा (१), र (५)</td><td rowspan="4">शुरु तलब स्केलको एक सय प्रतिशत</td><td>सचिव<br>२,०००।-</td></tr>
<tr><td>सहसचिव<br>१,५००।-</td></tr>
<tr><td>उपसचिव<br>१,०००।-</td></tr>
<tr><td>शाखा अधिकृत<br>५००।-</td></tr>
<tr><td>३</td><td>सम्बन्धित प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयमा कार्यरत कर्मचारी र काजमा रहने थप कर्मचारी र<br>दफा ५ को उपदफा (१)</td><td>शुरु तलब स्केलको एक सय प्रतिशत</td><td>-</td></tr>
</table>

| क्र.सं. | सुविधा पाउनेको विवरण | निर्वाचन सुविधा | | | |
|---|---|---|---|---|---|
| | | प्रतिमहिना निर्वाचन सुविधा | प्रतिदिन खाजा खर्च रू. | सार्वजनिक विदाको दिनमा प्रतिदिन खाना खर्च रू. | सञ्चार सुविधा रू. (प्रति महिना) |
| ४ | आयुक्तको सुविधामा कार्यरत कर्मचारी, आयुक्त र सचिवका निजी सुरक्षा अधिकारी (पिएसओ) दफा ५ को उपदफा (१) | शुरु तलब स्केलको एक सय प्रतिशत | | | |
| ५ | आयुक्तको निवासमा सुरक्षाका लागि खटिएका सुरक्षाकर्मी, आयोगको मूल गेटमा खटिने नेपाल प्रहरीका दश जनासम्म सुरक्षाकर्मी [दफा ५ को उपदफा (१)] | शुरु तलब स्केलको एक सय प्रतिशत | | | - |
| ६ | निर्वाचन अधिकृत दफा ११ को उपदफा (१), (२) र (४) | शुरु तलब स्केलको एक सय प्रतिशत | ३००।- | ५००।- | २,०००।- |
| ७ | निर्वाचन अधिकृतको कार्यालयमा कार्यरत कर्मचारी र काजमा रहने थप कर्मचारी दफा ८ को उपदफा (४) र दफा ११ को उपदफा (१), (२) | शुरु तलब स्केलको एक सय प्रतिशत | | | - |
| ८ | निर्वाचन अधिकृतका निजी सुरक्षा अधिकारी (पिएसओ) दफा ११ को उपदफा (१) र (२) | शुरु तलब स्केलको एक सय प्रतिशत | | | - |

<table>
<tr><th rowspan="2">क्र.सं.</th><th rowspan="2">सुविधा पाउनेको विवरण</th><th colspan="4">निर्वाचन सुविधा</th></tr>
<tr><th>प्रतिमहिना निर्वाचन सुविधा</th><th>प्रतिदिन खाजा खर्च रू.</th><th>सार्वजनिक विदाको दिनमा प्रतिदिन खाना खर्च रू.</th><th>सञ्चार सुविधा रू. (प्रति महिना)</th></tr>
<tr><td>९</td><td>दफा ४५ को उपदफा (१) को खण्ड (ग), (घ) र (ङ) मा उल्लेखित जिल्ला निर्वाचन व्यवस्थापन समितिका सदस्य दफा ५ को उपदफा (६)</td><td>शुरु तलब स्केलको एक सय प्रतिशत</td><td rowspan="3">३००।-</td><td rowspan="3">५००।-</td><td>-</td></tr>
<tr><td>१०</td><td>आयोगको भवन तथा परिसरको सुरक्षार्थ खटिएका सशस्त्र प्रहरी बल, नेपालका दश जनासम्म सुरक्षाकर्मी, निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन कार्यालय, मतपत्र छपाई स्थल र निर्वाचन सामग्री ढुवानीको सुरक्षार्थ खटिएका सुरक्षाकर्मी<br>दफा ९ को उपदफा (३) र दफा ४२ को उपदफा (१), (२), (३)</td><td>-</td><td>-</td></tr>
<tr><td>११</td><td>आयोगबाट निर्वाचन आचारसंहिताको अनुगमनमा खटाइएका कर्मचारी<br>दफा ५ को उपदफा (७)</td><td>शुरु तलब स्केलको एक सय प्रतिशत</td><td>-</td></tr>
</table>

## अनुसूची-२

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

**तालिम, गोष्ठी, सेमिनार तथा कार्यशाला सञ्चालन खर्चको मापदण्ड**

| क्र.सं. | विवरण | दर (रू.) | | | कैफियत |
|---|---|---|---|---|---|
| | | केन्द्र स्तर | प्रदेश स्तर | जिल्ला/स्थानीय स्तर | |
| १ | सत्र मोडरेटर (प्रतिदिन एक जनालाई मात्र) | ३,५००।- | ३,५००।- | ३,०००।- | प्रतिदुई सेसन बराबर एक सत्र हुने |
| २ | स्रोतव्यक्ति (प्रतिदिन चार सेसन मात्र) | ४,०००।- | ४,०००।- | ४,०००।- | एक स्रोतव्यक्तिले प्रतिदिन बढीमा दुई सेसन मात्र लिन पाउने |
| ३ | समन्वयकर्ता (प्रतिदिन एक जना मात्र) | ३,०००।- | ३,०००।- | १,५००।- | प्रतिइभेन्ट १ जना मात्र समन्वयकर्ता |
| ४ | सहयोगी (प्रतिदिन एक जना मात्र) | १,०००।- | १,०००।- | १०००।- | प्रतिइभेन्ट १ जना मात्र सहयोगी |
| ५ | सहभागी (प्रतिसहभागी प्रतिदिन) | १,२००।- | १,०००।- | ७००।- | दै. तथा भ्र. भत्ता नपाउने कर्मचारीको लागि मात्र |
| ६ | खाजाखर्च (प्रतिदिन प्रतिसहभागी) | ३००।- | ३००।- | ३००।- | |
| ७ | होटल खर्च (प्रतिदिन प्रतिसहभागी) | ३,०००।- | ३,०००।- | ३,०००।- | |
| ८ | स्टेशनरी खर्च (प्रतिसहभागी) | १००।- | १००।- | १००।- | |
| ९ | तालिम सामग्री | २,५००।- | २,५००।- | २,५००।- | प्रतिइभेन्ट |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | हल भाडा | १०,०००।- | ७,५००।- | २,०००।- | प्रतिदिन |
| ११ | प्रतिवेदन तयारी तथा लेखन | १,५००।- | १,५००।- | १,५००।- | प्रतिइभेन्ट |
| १२ | उद्घाटन खर्च | २,०००।- | २,०००।- | २,०००।- | प्रतिइभेन्ट |
| १३ | भैपरी आउने तथा विविध खर्च | ३,०००।- | २,५००।- | २,५००।- | |
| १४ | इन्धन खर्च | केन्द्रबाट प्रशिक्षण कार्यक्रम हुने जिल्लामा मात्र प्रतिजिल्ला रू.३,००० का दरले इन्धन खर्च सम्बन्धित निर्वाचन कार्यालयलाई उपलब्ध गराउने। | | | |

**नोटः**

१. आयोगका पदाधिकारी तथा सचिवालयबाट कर्मचारी खटिने जिल्लास्तरका कार्यक्रममा प्रदेश स्तरको मापदण्ड लागू हुनेछ।

२. सत्र मोडरेटरको हकमा केन्द्रीय तथा प्रदेशस्तरका प्रशिक्षणमा आयोगका माननीय प्रमुख निर्वाचन आयुक्त/निर्वाचन आयुक्त वा सचिव वा आवश्यकता अनुसार सहसचिवले गर्नुहुनेछ। जिल्ला स्तरको कार्यक्रममा शाखा अधिकृत वा सो भन्दा माथिल्लो तहको कर्मचारी तथा पदाधिकारीलाई खटाइने छ।

३. केन्द्रस्तरको तालिम कार्यक्रममा विषय विज्ञताका आधारमा सहसचिव वा सोभन्दा माथिल्लो तहको कर्मचारीलाई स्रोतव्यक्तिको रूपमा खटाइनेछ भने प्रदेशस्तर र जिल्लास्तरका कार्यक्रममा केन्द्रबाट खटाउँदा उपसचिव वा सो भन्दा माथिल्लो तहको कर्मचारीलाई स्रोतव्यक्तिको रूपमा खटाइनेछ।

४. जिल्लामा निर्वाचन अधिकारीको पद रिक्त रहेको वा जनशक्ति अभाव भएको अवस्थामा सचिवालयको निर्णयबाट प्रदेश/जिल्ला स्तरमा सञ्चालन हुने निर्वाचन/मतदाता शिक्षा लगायतका तालिम, गोष्ठी र कार्यशालामा स्रोतव्यक्तिको रूपमा आवश्यकता अनुसार विषय विज्ञताका आधारमा आयोग र प्रदेश/जिल्लामा कार्यरत राजपत्र अनंकित प्रथम श्रेणी वा सो सरहका कर्मचारीलाई पनि खटाउन सकिनेछ। साथै प्रशिक्षण कार्यक्रमको विषय क्षेत्र समेतका आधारमा आयोग बाहिरका विज्ञलाई समेत खटाउन सकिनेछ। तर त्यस्ता कर्मचारी आयोग वा अन्तर्गत काम गरेको र तालिम गोष्ठी लगायत विषयमा ज्ञान, सीप, अनुभव र दक्षता प्राप्त गरेको हुनुपर्नेछ।

५. स्रोतव्यक्ति आफैले कार्यपत्र बनाई सेसनमा प्रस्तुत गर्ने भएमा पारिश्रमिक रु.४०००।- हुनेछ, तर तयारी कार्यपत्रको प्रवचन गरेमा रु.२,५००।- पारिश्रमिक पाउनेछ।

६. उपलब्ध भएसम्म कार्यक्रम सरकारी हल/सभाहलमा सञ्चालन गर्नुपर्नेछ। उपलब्ध नभएका अवस्थामा सो व्यहोरा खुलाएर मात्र क्र.सं. १० को हलभाडा खर्चबाट व्यहोर्ने व्यवस्था मिलाउनुपर्नेछ।

## अनुसूची-३

(दफा ८ को उपदफा (१) र (२) सँग सम्बन्धित)

## निर्वाचन अधिकृतको कार्यालयमा रहने कर्मचारीको विवरण

**(क) समानुपातिक निर्वाचन प्रणालीका लागि स्थापना हुने निर्वाचन अधिकृतको कार्यालयमा**

| क्र.सं. | जनशक्तिको विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | निर्वाचन अधिकृत (सचिव, निर्वाचन आयोग) | एक जना | |
| २ | सहायक निर्वाचन अधिकृत (रा.प. प्रथम श्रेणी वा सो सरह) (सेवा/समूह :- प्रशासन/कानून/न्याय/सरकारी वकिल) | एक जना | |
| ३ | उपन्यायाधिवक्ता/उपसचिव (सेवा/समूह :- प्रशासन/कानून/न्याय/सरकारी वकिल) | दुई जना | |
| ४ | उपसचिव वा सो सरह (सेवा/समूह :- प्रशासन/कानून/सूचना प्रविधि) | तीन जना | |
| ५ | निर्देशक (सेवा/समूह :- आर्थिक योजना तथा तथ्यांक) | एक जना | |
| ६ | शाखा अधिकृत वा सो सरह (सेवा/समूह :- प्रशासन/लेखा/ कानून/न्याय/सरकारी वकिल/सूचना प्रविधि) | छ जना | |
| ७ | कम्प्युटर अधिकृत | एक जना | |
| ८ | तथ्यांक अधिकृत | छ जना | |
| ९ | तथ्यांक सहायक | पाँच जना | |
| १० | सहायक कर्मचारी (रा.प.अनं प्रथम श्रेणी वा सो सरह वा रा.प. अनं. द्वितीय श्रेणी वा सो सरह) | पाँच जना | |
| ११ | कम्प्युटर अपरेटर (रा.प.अनं प्रथम श्रेणी वा सो सरह वा रा.प. अनं. द्वितीय श्रेणी वा सो सरह) | दुई जना | |
| १२ | हलुका सवारी चालक | दुई जना | |
| १३ | कार्यालय सहयोगी (श्रेणी विहिन) | दुई जना | |
| | जम्मा | सैंतीस जना | |

## (ख) निर्वाचन अधिकृतको कार्यालयमा

| **क्र.सं.** | **जनशक्तिको विवरण** | **सङ्ख्या** |
|---|---|---|
| १. | मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृत | एक जना |
| २. | सहायक निर्वाचन अधिकृत, (रा.प. द्वितीय श्रेणी वा सो सरह वा रा.प. तृ. श्रेणी वा सो सरह) | एक जना |
| ३. | लेखा अधिकृत वा लेखापाल वा सहलेखापाल (रा.प.अनं प्रथम श्रेणी वा सो सरह वा रा.प. अनं. द्वितीय श्रेणी वा सो सरह) | एक जना |
| ४. | सहायक कर्मचारी (रा.प.अनं प्रथम श्रेणी वा सो सरह वा रा.प. अनं. द्वितीय श्रेणी वा सो सरह) | एक जना |
| ५. | कम्प्युटर अपरेटर वा सहायक कम्प्युटर अपरेटर (रा.प.अनं प्रथम श्रेणी वा सो सरह वा रा.प. अनं. द्वितीय श्रेणी वा सो सरह) | एक जना |
| ६. | सवारी चालक (सवारी साधन भएमा) | एक जना |
| ७. | सहयोगी कर्मचारी (श्रेणी विहिन) | दुई जना |
| ८. | निजी सुरक्षा अधिकारी (पि.एस.ओ.) | एक जना |
| | जम्मा | नौ जना |

## अनुसूची-४

(दफा १४ उपदफा (२) र दफा २३ को उपदफा (१) र (२) सँग सम्बन्धित)

**मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय सञ्चालन तथा व्यवस्थापन खर्च (एकमुष्ठ)**

| क्र.सं. | विवरण | रकम रू. | |
|---|---|---|---|
| | | मुख्य निर्वाचन अधिकृतको कार्यालय | निर्वाचन अधिकृतको कार्यालय |
| १ | मसलन्द तथा कार्यालय सामग्री | १,००,०००।- | ८०,०००।- |
| २ | पानी तथा बिजुली महसुल | ६०,०००।- | ६०,०००।- |
| ३ | सञ्चार खर्च | ३०,०००।- | ३०,०००।- |
| ४ | घर भाडा खर्च (गोदाम समेत) | ७५,०००।- | ७५,०००।- |
| ५ | मर्मत तथा सम्भार | २५,०००।- | २५,०००।- |
| ६ | इन्धन तथा अन्य इन्धन | ६०,०००।- | ६०,०००।- |
| ७ | मतगणना व्यवस्थापन खर्चः- | | |
| | २०००० सम्म मतदाता भएमा | ३०,०००।- | २५,०००।- |
| | ५०००० भन्दा बढी मतदाता भएमा | ४०,०००।- | ४०,०००।- |
| | ८०००० भन्दा बढी मतदाता भएमा | ५०,०००/- | ५०,०००/- |
| | ८०००० भन्दा बढी मतदाता भएमा | ६०,०००/- | ६०,०००/- |
| ८ | मतगणना चिया खाजा खर्च (प्रतिसिफ्ट) | ५,०००।- | ५,०००।- |
| ९ | विविध | ५०,०००।- | ३५,०००।- |

## अनुसूची-५

(दफा १५ को उपदफा (१) सँग सम्बन्धित)

### मतदान केन्द्रमा खटिने कर्मचारीको विवरण

(क) पाँचसय सम्म मतदाता भएको मतदान केन्द्रको लागिः

| क्र.सं. | कर्मचारीको विवरण | सङ्ख्या |
|---|---|---|
| १. | मतदान अधिकृत | एक जना |
| २. | सहायक मतदान अधिकृत | एक जना |
| ३. | सहायक कर्मचारीः<br>(क) मतदाता नामावली रुजु गर्नको लागि एक जना<br>(ख) मतदातालाई मतपत्र दिन दुई जना (पहिलो हुने निर्वाचित हुने तर्फ एक जना र समानुपातिक तर्फ एकजना) | तीन जना |
| ४. | सहयोगी कर्मचारी | एक जना |
| ५. | स्वयंसेवकः<br>(क) मतदान गरेका मतदाताको तथ्याङ्क राख्न एकजना र मतदाताको नङमा मसी लगाउन महिला एकजना समेत दुईजना | दुई जना |

(ख) पाँचसय भन्दा बढी मतदाता भएको मतदान केन्द्रको लागि:

| क्र.सं. | कर्मचारीको विवरण | सङ्ख्या |
|---|---|---|
| १. | मतदान अधिकृत | एक जना |
| २. | सहायक मतदान अधिकृत | एक जना |
| ३. | सहायक कर्मचारीः<br>(क) मतदाता नामावली रुजु गर्नको लागि एक जना<br>(ख) मतदातालाई मतपत्र दिन दुईजना | तीन जना |
| ४. | सहयोगी कर्मचारी | एक जना |
| ५. | स्वयंसेवकः<br>(क) मतदान गरेका मतदाताको तथ्याङ्क राख्न एकजना र मतदाताको नङमा मसी लगाउन महिला एकजना समेत- एक जना<br>(ख) मतदाताको लाइन व्यवस्थापन र अन्य सहयोगको लागि एक जना | तीन जना |

**ग) अस्थायी मतदान केन्द्रका लागिः**

| क्र.सं | कर्मचारीको विवरण | संख्या |
|---|---|---|
| १ | मतदान अधिकृत | एकजना |
| २ | सहायक मतदान अधिकृत (मतदातालाई मतपत्र दिन र मतदाता नामावली रूजु गर्न समेत) | एकजना |
| ३ | सहयोगी कर्मचारी | एकजना |
| ४ | स्वयंसेवक (मतदान गरेका मतदाताको तथ्यांक राख्न एकजना र मतदाताको नङमा मसी लगाउन महिला एकजना) | दुईजना |

## अनुसूची-६

(दफा १५ को उपदफा (२), (७), दफा १६, १७, १८, १९ को उपदफा (१) र दफा ४६ को उपदफा (२) सँग सम्बन्धित)

**मतदान केन्द्र र सुरक्षा अनुगमन घुम्ती टोलीमा खटिने कर्मचारीको दैनिक भत्ता, मतदान केन्द्र निर्माण, मतपेटिका ढुवानी लगायतका खर्च**

| क्र.सं | विवरण | दर रू. | कैफियत |
|---|---|---|---|
| **(क) मतदान केन्द्रतर्फः** | | | |
| १ | मतदान अधिकृत | २,५००।- | प्रतिदिन |
| २ | सहायक मतदान अधिकृत | २,०००।- | प्रतिदिन (सहायक मतदान अधिकृत, अधिकृत स्तरको कर्मचारी भएमा दैनिक भत्ता तथा भ्रमण खर्च मतदान अधिकृत सरह हुनेछ।) |
| ३ | सहायक कर्मचारी | १,६००।- | प्रतिदिन |
| ४ | सहयोगी कर्मचारी | १,२००।- | प्रतिदिन |
| ५ | स्वयंसेवक | १,२००।- | प्रतिदिन |
| ६ | मतदान केन्द्र निर्माण खर्च | ७,०००।- | भवन उपलब्ध भएका |
| | | १५,०००।- | भवन उपलब्ध नभएका |
| ७ | मतपेटिका तथा निर्वाचन सामग्री ढुवानी खर्च | ३,०००।- | प्रति बीस कि.मी. |
| ८ | विविध तथा भैपरी आउने खर्च (पानी, बिजुली र सञ्चार खर्च समेत) | ५,०००।- | मतदान अधिकृतलाई एकमुष्ठ बुझाउने |
| **(ख) सुरक्षा अनुगमन घुम्ती टोलीतर्फः** | | | |
| ९ | घुम्ती टोली प्रमुख (रा.प. द्वितीय | २,५००।- | प्रतिदिन |

| | | | |
|---|---|---|---|
| | श्रेणी वा सो सरह) | | |
| १० | घुम्ती टोली सवारी चालक | १,६००।- | प्रतिदिन |
| ११ | घुम्ती टोलीको सवारी साधनको इन्धन | ३,०००।- | प्रतिदिन |
| १२ | घुम्ती टोलीको खाजा खर्च | २,०००।- | प्रतिदिन |
| नोट : प्रत्येक निर्वाचन क्षेत्रमा बढीमा २ वटा घुम्ती टोली ३ दिन सम्म खटाउन सकिनेछ। | | | |

## अनुसूची-७

(दफा २० सँग सम्बन्धित)

निर्वाचन आयोग

मुख्य निर्वाचन अधिकृत/ निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन क्षेत्र नं..........

जिल्ला........

**भ्रमण खर्च तथा दैनिक भत्ता र मतदान केन्द्र सम्बन्धी खर्चको भुक्तानी विवरण**

नियुक्ति पत्रको च.नं. ... मितिः- ..........

१. खटिएको मतदान केन्द्रः .........

२. मतदान केन्द्रको क्रम संख्याः .........

३. सदरमुकामबाट मतदान केन्द्रको दूरी (कि.मी.मा) .........

४. सवारी साधन नचल्ने स्थानबाट मतदान केन्द्रसम्म र मतदान केन्द्रबाट सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयसम्म आउँदा लाग्ने दिन (प्रतिदिन पन्ध्र कि.मी.को दरले) .........

५. मतपेटिका ढुवानी गर्न लाग्ने जम्मा दिन (आतेजाते समेत) .........

६. मतदान अधिकृत/सहायक मतदान अधिकृत/सहायक कर्मचारी/कार्यालय सहयोगी कर्मचारीको नाम, थरः

७. कर्मचारी संकेत नं.

८. कार्यालयः

९. भ्रमण खर्च तथा दैनिक भत्ता र मतदान केन्द्र सम्बन्धी खर्चः

| क्र.सं. | विवरण | दर | दिन | संख्या | जम्मा | भ्रमण खर्च | कूल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | भ्रमण खर्च तथा दैनिक भत्ता | | | | | | | |
| २ | विविध तथा भैपरी आउने खर्च | | | | | | | |
| ३ | स्वयंसेवकको दैनिक भत्ता | | | | | | | |
| ४ | मतदान केन्द्र निर्माण तथा व्यवस्थापन खर्च | | | | | | | |
| ५ | ढुवानी खर्च | | | | | | | |

माथि उल्लेख भए बमोजिम रकम बुझी लिने कर्मचारीको -

नामः सही र मितिः

भुक्तानी पठाउने कर्मचारीको -

नामः सही र मितिः

प्रमाणित गर्ने अधिकृतको -

नामः सही र मितिः

## अनुसूची-८

(दफा २२ को उपदफा (१) सँग सम्बन्धित)

### मतगणना टोलीमा खटिने कर्मचारीको विवरण

| क्र.सं | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत) | एक जना | |
| २ | सहायक मतगणना अधिकारी (अधिकृत स्तर कर्मचारी) | एक जना | |
| ३ | (क) मतगणना सहायक - दुईजना<br>(ख) कम्प्युटर अपरेटर - एकजना | तीन जना | |
| ४ | कार्यालय सहयोगी | एक जना | |

## अनुसूची-९

(दफा २२ को उपदफा (४) सँग सम्बन्धित)

### मतगणनामा खटिने कर्मचारीको सुविधा (प्रति सिफ्ट)

| क्र.सं | विवरण | दर रू. | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत) | २,५००।- | प्रति सिफ्ट |
| | मतगणनाको लागि एकै समयमा एक भन्दा बढी मतगणना टोली परिचालन गरिएकोमा प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत) ले प्रत्येक थप टोलीको लागि पाउने थप रकम | १,०००।- | |
| २ | सहायक मतगणना अधिकारी (अधिकृत स्तर कर्मचारी) | २,०००।- | |
| ३ | (क) मतगणना सहायक<br>(ख) कम्प्युटर अपरेटर | १,६००।- | |
| ४ | कार्यालय सहयोगी | १,२००।- | |

**अनुसूची-१०**

(दफा २५ को उपदफा (३) सँग सम्बन्धित)

निर्वाचन आयोग

मुख्य निर्वाचन अधिकृत/ निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन क्षेत्र नं. ......

जिल्ला ........

**<u>वर्गीकरण बमोजिमको खर्चको फाँटवारी</u>**

| सि.नं. | खर्च वर्गीकरणको क्रियाकलाप | विनियोजित रकम | ....महिना को खर्च | ....महिना सम्मको खर्च | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | निर्वाचन भत्ता | | | | | |
| २ | स्थानीय भत्ता | | | | | |
| ३ | दैनिक भत्ता तथा भ्रमण खर्च | | | | | |
| ४ | पानी तथा बिजुली महसुल खर्च | | | | | |
| ५ | सञ्चार खर्च | | | | | |
| ६ | मसलन्द तथा कार्यालय सम्बन्धी खर्च | | | | | |
| ७ | घरभाडा खर्च | | | | | |
| ८ | मर्मत तथा संभार खर्च | | | | | |
| ९ | इन्धन तथा अन्य इन्धन खर्च | | | | | |
| १० | मतदानस्थल निरीक्षण खर्च | | | | | |
| ११ | विविध खर्च | | | | | |
| १२ | मतदान केन्द्रमा खटिने कर्मचारीको सुविधा खर्च | | | | | |
| १३ | मतदान केन्द्रको विविध तथा भैपरी आउने खर्च | | | | | |
| १४ | स्वयंसेवकको दैनिक भत्ता | | | | | |
| १५ | मतदान केन्द्र निर्माण तथा व्यवस्थापन खर्च | | | | | |
| १६ | ढुवानी खर्च | | | | | |
| १७ | मतगणना कर्मचारीको खर्च | | | | | |
| १८ | मतगणना व्यवस्थापन खर्च | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९ | मतगणना  खाजा खर्च | | | | | |
| २० | जिल्ला निर्वाचन व्यवस्थापन समितिको खर्च | | | | | |
| २१ | कार्यक्रम खर्च | | | | | |
| | **जम्मा** | | | | | |

......................                                                  ......................

तयार गर्ने                                                              प्रमाणित गर्ने

# अनुसूची-११

(दफा ३९ को उपदफा (२) सँग सम्बन्धित)

## निर्वाचन सामग्री

| क्र.सं. | विवरण | क्र.सं. | विवरण |
|---|---|---|---|
| १ | डेस्कटप कम्प्युटर | २ | ल्यापटप कम्प्युटर |
| ३ | टोनर | ४ | फोटोकपी मेशिन |
| ५ | इन्भर्टर | ६ | इन्भर्टर/युपिएस ब्याट्री |
| ७ | प्याकिङ सामग्री | ८ | फोटोकपी पेपर |
| ९ | प्रिन्टर | १० | राउटर |
| ११ | यु.एस.बि डिभाइस (इन्टरनेटको लागि) | १२ | पेनड्राइभ |
| १३ | हार्डडिस्क | १४ | जेनेरेटर (मर्मत) |
| १५ | सर्भर तथा स्टोरेज पूर्वाधार (Server, SAN/NAS Storage, SAN Switch,cloud-based appliances and Backup Applications) | १६ | नेटवर्क पूर्वाधार (Router,Firewall (IPS/IDS), Web Application Firewall, Switch, DDOS protection system and services, SOC, SIEM लगायतका Security उपकरणहरू) |
| १७ | Data Center सम्बन्धी पूर्वाधार (मर्मत), UPS, Battery, Cooling and Equipment Conditioning and Monitoring) | १८ | Design and Develop of Election Management System- General Election |
| १९ | मतदाता नामावली | २० | मतपत्र |
| २१ | मतपेटिका | २२ | सुरक्षण सील (मतदान केन्द्रमा पठाउने प्रयोजन) |
| २३ | सुरक्षण सील (तालीम प्रयोजन) | २४ | नउड्ने मसी भएको मार्कर पेन |
| २५ | स्वस्तिक छाप (रबर) | २६ | मतपेटिका स्टीकर |
| २७ | स्वस्तिक छाप (पित्तल) | २८ | अनुसुची फारामहरू |

| | | | |
|---|---|---|---|
| २९ | स्टाम्प प्याड मसी | ३० | छेकाबारा |
| ३१ | रबर म्याट | ३२ | लाहा |
| ३३ | मार्कर पेन | ३४ | स्ट्याम्प प्याड |
| ३५ | पुसपिन (प्याकेट) | ३६ | क्लिप पिन |
| ३७ | स्केल | ३८ | स्टापलर मेशिन |
| ३९ | स्टापलर पिन (बट्टा) | ४० | कैंची |
| ४१ | ग्लुस्टिक | ४२ | सोसर |
| ४३ | पन्चिङ मेशिन | ४४ | कर्मचारी परिचयपत्र (कार्ड होल्डर र डोरी सहित) |
| ४५ | स्वयंसेवक परिचयपत्र (कार्ड होल्डर र डोरी सहित) | ४६ | उम्मेदवार/निर्वाचन/मतदान प्रतिनिधि परिचयपत्र (कार्ड होल्डर र डोरी सहित) |
| ४७ | मतगणना कर्मचारी परिचयपत्र (कार्ड होल्डर र डोरी सहित) | ४८ | भित्र लेखिएको कार्ड |
| ४९ | बाहिर लेखिएको कार्ड | ५० | पुरूष लेखिएको कार्ड |
| ५१ | महिला लेखिएको कार्ड | ५२ | अन्य लेखिएको कार्ड |
| ५३ | धुम्रपान निषेध लेखिएको कार्ड | ५४ | हातहतियार निषेध लेखिएको कार्ड |
| ५५ | मतदान केन्द्र लेखिएको कार्ड | ५६ | मतदाता क्रम संख्या....देखि....सम्म लेखिएको कार्ड |
| ५७ | प्लाष्टिक बोरा | ५८ | प्लाष्टिक थैलो |
| ५९ | निर्वाचन आचारसंहिता | ६० | निर्वाचन सम्बन्धी ऐन, नियम, निर्देशिका र कार्यविधि |
| ६१ | प्याकिङ टेप | ६२ | प्लाष्टिक सुतली |
| ६३ | निविदा मतपत्र राख्ने नेपाली खाम | ६४ | नेपाली कागजको चार किसिमको खाम |
| ६५ | रेकर्ड फाइल (फित्ता सहित) | ६६ | सेतो कागज A4 साइज |

| | | | |
|---|---|---|---|
| ६७ | सियो | ६८ | धागो |
| ६९ | फलाटिन कपडा | ७० | खाप्सियो (बोरा सिलाउन मिल्ने) |
| ७१ | कोरा कपडा थैला (निर्वाचन अधिकृतको कार्यालयबाट मतदान केन्द्रसम्म मतपत्र लैजान र मतदान केन्द्रमा बाँकी रहेका सामानहरू फिर्ता ल्याउन) | ७२ | सलाई |
| ७३ | जेलपेन (कालो) | ७४ | जेलपेन (रातो) |
| ७५ | मैनबत्ती प्याकेट | ७६ | कोरा कपडा (दुई मिटरको टुक्रा) |
| ७७ | पोलबुक | ७८ | इण्डेक्स/रिङ फाइल |
| ७९ | मतदाता परिचयपत्र | | |